महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
नार्पा भूमि गाउँपालिका
मनाङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
गण्डकी प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. १०६

मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
नार्पा भूमि गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
मनाङ।

कैफियत सहितको राय

हामीले नार्पा भूमि गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ९ लाख ७६ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू. २ लाख ४८ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ३ लाख ८२ हजार र नियमित गर्नुपर्ने रू. ३ लाख ४६ हजार रहेको छ ।पालिकाको गतवर्ष रु.५ करोड ८ लाख ५७ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ५ करोड ९ लाख ४६ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

नार्पा भूमि गाउँपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
२९	९	९७६	०	२	२४८	२९	७	७२८	३८२	३४६	०	०	०	३४६	०

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मनाङ	५०८५७	०	६३९	५०२१८	०	७२८	५०९४६

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : नार्पा भूमि गाउँपालिका, मनाङ , नर्पू गाउँपालिका , मनाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	महेश पाख्रिन	२०७८-१२-२८	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	दिपेन्द्र पण्डित	२०७८-२-१०	
कार्यालय प्रमुख	रुकमागंत उपाध्याय	२०७७-५-९	
कार्यालय प्रमुख	नेत्रमणी न्यौपाने	२०७५-१२-८	
लेखा प्रमुख	खिल बहादुर कुमाल	२०७९-१-९	
लेखा प्रमुख	बिष्णु प्रसाद पोखरेल	२०७६-९-३	
		बेरुजु रकम	७२८,०३३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५,१५,६२,७४१.६७	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	८,०७,०१,५४०	**चालु खर्च**	४,२९,१४,३३५
प्रदेश सरकारबाट अनुदान	३,०७,१२,०००	**पूँजीगत खर्च**	८,७७,२७,६३८.७९
राजश्व बाँडफाँट	२,९४,८५,३७८	**वित्तीय/अन्य व्यवस्था**	५२,९६,५८४.९७
आन्तरिक आय	२३,७२,८६५		
अन्य आय	८०,९६,६३०.२५		
कुल आय	१५,१३,६८,४१३.२५	**कुल खर्च**	१३,५९,३८,५५८.७६
बाँकी मौज्दात		६,६९,९२,५९६.१६	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतीलाई सुदृढ गरी स्थानीय तहमा विधायीकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकार संचालन गर्ने हरेक कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारको हरेक काममा जनसहभागिता, उतरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकहरुलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको उद्देश्य हो । गण्डकी प्रदेशमा अवस्थित यस गाउँपालिका अन्तर्गत ५ वडा २० सभा सदस्य रहेका छन । कुल ७५३.५४ ब.कि.मी क्षेत्रफल ओगटेको यस गाउँपालिकाको जनसंख्या ६१५ जना रहेको छ । उपरोक्त आर्थिक कारोवारको महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना २०७८, समष्टिगत र ईकाइगत स्वीकृत लेखापरीक्षण योजना, आन्तरिक लेखापरीक्षण प्रतिवेदनको गणितीय शुद्धतालाई आधार लिई, एवं सार्वजनिक लेखापरीक्षण सम्बन्धी मार्गदर्शन तथा असल अभ्यास साथै कार्यालयवाट पेस भए सम्मको स्रेस्ताको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । उक्त लेखापरीक्षणबाट देखिएको व्यहोरा उपर मिति २०७8।06।02 मा व्यवस्थापन पक्षसंग भएको छलफल पश्चात कायम गरेको ब्यहोरा संलग्न गरी देहाय अनुसारको प्रतिवेदन तयार गरिएको छ । **वित्तीय विवरण** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांङ्कन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-11 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • वातावरण संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । • निजामती सेवा ऐन, 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फस्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । • मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता म.ले.प.फा.नं.४१५ प्रयोगमा नल्याएको । • वार्षिक खरिद योजना तयार नगरेको। • आन्तरिक लेखापरीक्षणबाट देखिएका वेरुजु समयमानै फस्र्यौट नगरेको । • अन्तिम लेखापरीक्षणबाट देखिएका वेरुजुको लगत राखी सम्परीक्षण सम्बन्धी कार्य नगरेको । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन । • दैनिक कार्यसम्पादन विवरण, कर्मचारी दस्तखत नमुना फाराम नराखेको, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३			**वार्षिक लक्ष्य तथा प्रगति** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०77 को नियम 35 मा बजेट तथा कार्यक्रम कार्यान्वयन एवं प्रगति विवरण त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले तयार गरी पेश गरेको वार्षिक प्रगति प्रतिबेदनमा निम्न अनुसार भौतिक प्रगति देखाएको छ ।	

सि.नं	कार्यक्रम/योजना	कुल कार्यक्रम संख्या	वार्षिक प्रगति स्थिती				
			शुन्य प्रतिशत	25 प्रतिशत	50 प्रतिशत	75 प्रतिशत	कैफियत
1	विभिन्न	59	0	1	5	53	

कार्यालयबाट सञ्चालित कार्यक्रम/योजनाहरुमा मध्ये 53 वटा योजनाहरुको 75 प्रतिशत प्रगति, 5 वटा योजनाको 50 प्रतिशत तथा 1 योजनाको 25 प्रतिशत भन्दा कम प्रगति देखिएकोले लक्ष्य अनुसार प्रगति न्यून रहेकोले समयमा कार्यक्रम सञ्चालन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४			**चौमासिक खर्च** चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । कार्यालयले गरेको बार्षिक पूंजीगत खर्च रु. 80278778.92 मध्ये तेस्रो चौमासिकमा रु. 48713293.16 खर्च भएको छ भने आषाढ महिनामा मात्र रु. 47501093.16 खर्च भएको छ । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमशः 60.68 र 59.17 रहेको छ ।	

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
पूँजीगत	80278778.92	11664000	19901485.76	48713293.16	47501093.16
जम्मा	100	14.53	24.79	60.68	59.17

तेस्रो चौमासिक र आषाढ महिनामा विनियोजित रकमको ठूलो अंश खर्च भएको सम्बन्धमा अधिकांश योजनाहरुको योजना फरफारक आषाढ महिनामा हुने भएकोले तेस्रो चौमासिक र आषाढ महिनामा बढी खर्च भएको कार्यालयले जनाएको छ । यसरी खर्च गरिदा खर्चको सहि सदुपयोग नहुने, जथाभावी खर्च गरिने, कामको गुणस्तरमा प्रभाव पर्नुका साथै आर्थिक अनियमितता समेत बढने अवस्था सिर्जना हुने देखिन्छ । तेस्रो चौमासिक र आषाढ महिनामा मात्र ठूलो रकम खर्च हुन नदिने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

५			**घर जग्गाको लगत** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 102 मा प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घर, जग्गा तथा कार्यालय अन्तर्गतको घर जग्गाको लगत तथा प्रमाण पुर्जा कार्यालयको नाममा प्राप्त भए/नभएको व्यहोरा खुलाई स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ ।कार्यालयले घर जग्गाको लगत राखेको नपाईएकोले नियमको पालना हुनुपर्दछ ।	
६			**सेवा प्रवाह** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। गाउँपालिकावाट सेवा प्रवाह सम्बन्धी विवरण अभिलेख राखेको छैन।गाउँपालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**क्षेत्रगत बजेट र खर्च** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को शंशोधित क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	26872	11015	5.03
सामाजिक क्षेत्र	34971	15383	7.03
भौतिक पूर्वाधार विकास	90716	65195	29.8
सुशासन र संस्थागत विकास	5100	3198	0.015
कार्यालय सञ्चालन तथा प्रशासनिक	61168	28400	12.98
जम्मा	218827	123191	56.29

८			**वार्षिक प्रतिबेदन** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०77 को नियम 35 बमोजिम प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वार्षिक प्रतिबेदन तयार गरी मन्त्रालय, विभाग, कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा वार्षिक प्रतिबेदन तयार गरेको छैन । नियमको पालना गरी वार्षिक प्रतिबेदन तयार गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९			**चौमासिक विवरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले चौमासिक विवरणहरु तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना गरी तोकिएको निकायमा विवरण पठाउनुपर्दछ ।	
१०			**विवरण सार्बजनिक** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने तथा दफा ७६(४) मा आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खर्चको प्रगति विवरण तथा आय÷व्ययको विवरण सार्वजनिक गरेको देखिएन । अतः कानुन बमोजिम प्रगति विवरण कार्यपालिकामा पेश गर्ने तथा आय÷व्ययको विवरण सार्वजनिक गर्नुपर्दछ ।	
११			**ऐनको कार्यान्वयन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(7) मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७8(5) मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत कार्यक्रम भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो। गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन। यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन। गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ ।	

https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागित मूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७८ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छनः
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाख भन्दा बढी</td><td>जम्मा</td></tr>
<tr><td>०</td><td>४</td><td>१५</td><td>१८</td><td>२०</td><td>५७</td></tr>
</table>
उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष जम्मा ५७ वटा योजना संचालन गरेकोमा रु.१० लाख भन्दा मुनिका ३७ वटा योजनाहरु रहेका छन् ।यस्तो प्रकृतिका योजनाहरुको लागि आर्थिक, मानवीय साधनहरुको लागतको तुलनामा प्राप्त प्रतिफल न्यून हुने तथा दीगो विकासमा समेत टेवा नपुग्ने देखिन्छ । अतः कार्यालयले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा उपलब्ध स्रोत साधनहरुलाई मितव्ययी तरिकाले परिचालन गरी प्रभावकारी रुपले उच्चत्तम प्रतिफल प्राप्त गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>बार्षिक प्रतिवेदन
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, 2074 को दफा 45 मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>सम्पत्तिको संरक्षण
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तह तथा दफा ९८ मा जिल्ला सभाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख, मर्मत संम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । गाउँसभाले सम्पत्ति संरक्षणको लागि चाहिने आवश्यक प्रबन्ध गरेको देखिएन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५			**नक्सा पास र मूल्याङकन** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २७ को १ अनुसार कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तोके बमोजिम संरचना निर्माण गर्नुपुर्व गाउपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन र मूल्याङकन प्रणालीलाइ यथार्थपरक बनाउनुपर्दछ । घर जग्गा मूल्याङकन गर्ने बैज्ञानिक प्रणालीको अवलम्वन गरी पक्का ढलान पक्का जस्तापाताको प्रति वर्गफिट कति लागत पर्दछ सो यकिन गरिनु पर्दछ । मालपोत कार्यालयमा लिखत पारितको लागि पठाइएको मुल्याङकन प्रतिवेदन यथार्थपरक नभै अनुमानको भरमा लेख्ने गरेको पाइएकोले सोमा सुधार हुनुपर्दछ ।	
१६			**बजेट पेश, पारित र अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कोन्जो तेन्जिङ लामाले २०७७।३।२० गते रु.२१ करोड २५ लाख ८९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।२० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
१७			**श्रोत अनुमान तथा वजेट सिमा** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन ध्यान दिनुपर्ने देखिन्छ । गाउँको प्राथमिक आयोजना कुन कुन हुन प्रक्षेपण गरी वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८			**खर्च बिश्लेषण** गाउँपालिकाले यसबर्ष आन्तरिक आयबाट कुल रु.23,72,864।84, राजस्व बाँडफाँड र अनुदानबाट रु.13,28,30,616।62 समेत रु. 13,52,03,481।46 आम्दानी भएकोमा चालु तर्फ रु. 4,29,14,335।22 र पूँजिगत तर्फ रु. 8,77,27,638।79 समेत रु. 13,06,41,974।01 खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 1.75 प्रतिशत मात्र रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 31.74 प्रतिशत चालु र 64.88 प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकत्तमरुपमा बिकास निर्माणमा परिचालन गर्नुपर्दछ ।	
१९			**कर्मचारी करार** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाको कृषि तथा स्वास्थ्य र वडा कार्यालयहरुमामा 7 जना कर्मचारीहरु करारमा राखी रु. 3738396।00 खर्च लेखेको छ ।	
२०			**न्यायीक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार यो बर्ष न्यायिक समितिमा कुनै उजुरी परेको छैन ।	
२१			**जिन्सी निरीक्षण प्रतिबेदन** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम ९९ बमोजिम तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित लिलाम बिक्री गर्नुपर्ने जिन्सी मालसामान नियम 106 बमोजिम एक महिनाभित्र प्रक्रिया शुरु गर्नुपर्ने तथा नियम 99(4) बमोजिम मर्मत सम्भार गर्नुपर्ने मालसामानको हकमा तिन महिनाभित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम लिलाम बिक्री तथा मर्मत सम्भार गर्नुपर्ने कार्य नगरेकोले नियमानुसार गर्नुपर्ने देखिन्छ ।	
२२			**सुत्रको प्रयोग** गाउँपालिकाले Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी वार्षिक प्राप्ति तथा भुक्तानीको हिसाव गरेको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**आयको अनुमान** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ आन्तरिक श्रोत परिचालन वापत अनुमानित रु.1000000।00 प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७7।७8 मा रु.2372864।84 अर्थात अनुमान भन्दा 137.29 प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अनुमान यर्थाथपरक बनाउनुपर्दछ ।	
२४			**पदाधिकारी सुविधा** पदाधिकारी सुविधाः गण्डकी प्रदेश गाउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ३,४,५,६ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई तोकिएको अनुसूचीमा उल्लेख भए बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदालतको आदेशले २०७६ कार्तिक १ गते बाट लागु हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ।जसअनुसार गण्डकी प्रदेश सरकारले प्रथम संशोधन गरी मिति २०७७/३/२६ मा राजपत्रमा प्रकाशित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको तोकिएको अनुसूचिमा उल्लेख भए बमोजिम सुविधामा गत वर्षको 7 महिना र यो वर्ष समेत रु. ६१७३५००.० खर्च लेखेको छ।	
२५			**अग्रिम कर** २६२।०७८।३।३० आयकर ऐन २०५८ को दफा ८९ मा वासिन्दा व्यक्तिलाई ठेक्का वा करार वापत पचास हजार भन्दा वढीको भुक्तानी दिदा भुक्तानीमा १०५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयका कर्मचारी विरेन्द्र सिंह बोहराले पेस्की फर्स्यौट गर्दा नार गेष्ट हाउस एण्ड रेष्टुरेन्टलाई रु.258408।0 भुक्तानी दिदा अग्रिम कर रु. ३876।12 र श्री महेश पाख्रिनको पेस्की फर्स्यौट गर्दा सम्पूर्ण कृषि भण्डारलाई रु.412450।00 र एम.वि. ट्रेडर्सलाई रु.169914।35 समेत रु.5852364.35 भुक्तानी दिदा सोको 1.5 प्रतिशतको दरले हुन आउने अग्रिम आयकर रु.8735.46 समेत रु.12611.58 कट्टा नगरी भुक्तानी दिएकोले कर रकम संघिय संचित कोषमा दाखिला गर्नुपर्दछ रु	१२,६११.५८

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**छपाई** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०77 को नियम ३9(10) मा कुनै रकमको भुक्तानी दिदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ऐन नियमको संगालो 125 थान, नियमावलीको संगालो 125 थान, कार्यविधिको संगालो 125 थान छपाई गरी सिद्धवावा प्रेस प्रा.लि.लाई रु.3,45,780/- भुक्तानी दिएकोमा छपाई गरेका उक्त सामाग्री गाउँपालिकाको जिन्सी खातामा आम्दानी नबाँधी भुक्तानी गरेको नियमसम्मत देखिएन । उक्त सामाग्रीहरु जिन्सी खातामा आम्दानी बाँध्नु पर्दछ ।	३४५,७८०
२७			**बिल भरपाई वेगर खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(10) मा खर्च लेख्नु अघि त्यस्तो भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए/नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका कार्यक्रम सञ्चालन गर्नको दिएको पेश्की फछर्यौट गर्दा बिल भरपाई भन्दा बढी पेस्की फर्स्यौट गरेकोले नपुग रकम सम्वन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ रु.....	३०,४२०

गो॰भौ/मिति	कार्यक्रम	पेश्की रकम	विलभरपा ्ई रकम	नपुग रकम
६५।०७८।३।३१	IMNCI कोचिङ कार्यक्रम	१०००००	९५०७८	४९२२
६५।०७८।३।३१	स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड कार्यक्रम प्रथम र दोश्रो	३०००००	२७४५०२।०	२५४९८
	जम्मा			३०४२०।०

२८			**कर विजक**	
२८.१			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले नार आधारभूत विद्यालय भवन निर्माणको रु.97,02029।19 को कार्यसम्पन्न प्रतिवेदन पेश गरेकोमा प्रोभिजनल सम वापत रु.310000।00 को कर विजक वेगर भुक्तानी दिएको कर विजक पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने देखिएको रु.....	३१०,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८.२			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले नार स्वास्थ्य चौकी आवास भवन निर्माणको प्रथम रनिङ्ग बिलबाट रु.45,66,229।01 भुक्तानी गर्दा प्रोभिजनल सम वापतको रकम 65000।0 भुक्तानी गरेकोमा रु. 19035।0 बिल विजक वेगर भुक्तानी गरेको कर विजक पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने देखिएको रु..... **(वेरुजु रकम असुली भई दाखिला भएकोले प्रतिक्रियावाट वेरुजु हटाइएको छ।)**	
२९			**आनुपातिक कट्टी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायसँग कार्य गराउँदा लागत अनुमानमा समावेश रहेको जनसहभागिताको अंश, कन्टिन्जेन्सी कट्टा गरी मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्न उपभोक्ता समितिसँग कार्य गराई भुक्तानी गरेकोमा सम्झौता बमोजिम वास्तविक कार्यसम्पादनको आधारमा जनसहभागितको अंश रु. 67274.55 घटी कट्टा गरी भुक्तानी दिएकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने देखिएको रु..... योजनाको नाम | लागत अनुमान | उ.स. योगदान | कार्यसम्पन्न | भुक्तानी हुनुपर्ने | भुक्तानी गरेको | बढी भूक्तानी नारमा स्वास्थ्य, वडा भवन | 1068446.25 | 108446.25 | 1051460 | 944737 | 955459 | 10722 नाम्गे पर्यटन बाटो निर्मण | 1056605 | 96604 | 983330 | 893454 | 942002 | 48548 च्याँखुमा रंगशाला खेलकुद मैदान निर्माण उ.स. | 2118858.77 | 198858.77 | 1301553.51 | 1179402.72 | 1171398.16 | 8004.55 जम्मा | 67274.55 **(नाम्गे पर्यटनको रु ४८५४८ र च्याखुमा रंगशालाको ८००५ गरी जम्मा ५६५५३ असुल भई दाखिला भएकोले प्रतिक्रियावाट वेरुजु हटाइएको छ)**	१०,७२२

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**था जलविद्युत तथा सिंचाई आयोजना** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । कार्यालयले था जल विद्युत तथा सिंचाई आयोजनाको लागि लागत अनुमान रु. 84,49,932।00 तयार गरी दोस्रो बिलसम्म रु.69,57,487।00 भुक्तानी दिई कार्यसम्पन्न नगरी आयोजना स्थगित गरेकोले अपेक्षित प्रतिफल प्राप्त नगरेकोले खर्च उपलब्धी विहीन देखिएको छ ।	
३१			**बिल भन्दा बढी पेस्की फर्स्यौट** 164-078/03/31, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(10) मा खर्च लेख्नु अघि त्यस्तो भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए/नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । सुचना अधिकृत श्री उज्वल वास्तोलालाई रु.360000।00 पेस्की दिएकोमा रु.356500।00 मा क्यामरा खरिदको विजक पेश गरी उक्त पेस्की रु.360000।00 फर्स्यौट गरेकोले बढी रु.3500।00 फर्स्यौट गरेकोले असुल हुनुपर्दछ रु....	३,५००

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**शिक्षक दरवन्दी र पदपूर्ति तथा विद्यार्थी अनुपात** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत आधारभुत तहका 2 सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।	

सि.नं.	विधालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विधार्थी संख्या
१	नार आधारभुत विद्यालय	7	4	0	19
२	फू आधारभुत विद्यालय	3	3	1	28
जम्मा		10	7	1	47

उल्लेखित तालिकामा नार आधारमुत विद्यालयमा शिक्षक विधार्थी अनुपात १M4·7५ रहेको छ भने फू आधारभूत विद्यालयमा १M9.33 अनुपात रहको देखियो । यसरी हेर्दा पालिकाले शिक्षक विधार्थी अनुपात नमिलाइ अवश्यकता भन्दा वढी शिक्षक नियुक्त गरेको देखियो ।

३३			**शिक्षकको तलब** शिक्षा नियमावली, २०५९ को नियम १२६ मा शिक्षक कितावखानावाट प्रतिवेदन पारित गराएर मात्र कार्यालयले आफ्नो कार्यक्षेत्र अन्तर्गतका विभिन्न विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तलब भत्ता निकासा गर्नुपर्दछ । कार्यालयले विभिन्न विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगराई तलब भत्ता वापत रु.3331803।00 खर्च लेखेकोले यकिन हुन सक्ने अवस्था देखिएन ।	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४			**कोभिड-१९ को व्यवस्थापन** यस वर्ष महामारीको रुपमा फैलिएको कोभिड-१९ को रोकथाम र नियन्त्रणको लागि गत वर्ष संसद विकास कोषबाट रु.20,00,000।00 र यस वर्ष संघीय सरकारबाट रु.10,00,000।00 निकाशा भएकोमा निम्नानुसारका कार्यमा खर्च गरेको देखियो ।	

खर्च शीर्षक	स्वास्थ्यकर्मीको पारिश्रमिक खर्च	कोभिड अस्पताल निर्माण खर्च	स्वास्थ्य सामग्री खर्च	प्रचार प्रसार खर्च	जम्मा खर्च
प्रकोप व्यवस्थापन कोष	225000	625489	498962	184191	1533642

३५			**आन्तरीक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७6 को दफा ३3(8) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएका व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फर्स्यौट गराउनुपर्ने व्यवस्था भएकोमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट औल्याएको नार आधारभुत विद्यालयका शिक्षकलाई 2077 चैत्र महिनामा पोषाक भत्ता भुक्तानी गर्दा रु. 15000।00 बढी भुक्तानी गरेकोले असुल हुनुपर्दछ रु.	१५,०००
३६			**अनुगमन तथा सम्परीक्षण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फर्स्यौट गर्ने व्यवस्था रहेको छ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फर्स्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ।यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु तथा यो वर्षको बाँकी बेरूजूको अद्यावधिक अवस्था निम्नानुसार रहेको छ। (रू. हजारमा)	

गत वर्षसम्मको बाँकी बेरुजू	**यो वर्ष संपरीक्षण गरिएको बेरुजू**	**यो वर्ष कायम बेरुजू**	**संपरीक्षणबाट कायम बेरुजू**	**अध्याविधक बाँकी बेरुजू**
५०८५७	63९	९७६		५११९४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३७			**पारिश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ८ मा कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त भएका सवै रकम आयमा समावेश गरी नियमानुसार छुट पाउने रकम कट्टा गरी कर योग्य आयमा तोकिए बमोजिम पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ ।यस कार्यालयका निम्नानुसारका पदाधिकारी तथा सदस्यले पाएको सुविधा दशै खर्च, लुगा भत्ता लगागतको कूल आयमा निम्नानुसार कर कट्टा गर्नुपर्नेमा कर कट्टा गर्न छुट भएको रु. १७१९६०.० असुल गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्दछ, रू.....	

नाम, थर	पद	प्रति महिना जम्मा रकम	१९ महिनाको सेवा सुविधा	पारिश्रमिक कर योग्य आय	सा°सु सहित कट्टा गर्नुपर्ने कर	कट्टा गरेको कर	नपुग पारिश्रमिक कर
श्री मिङमा छिरिङ लामा	अध्यक्ष	४८०००.०	९३७०००.०	४८७०००.०	११०६००.०	१०१२०.०	१००४८०.०
श्री कोन्जो तेन्जिङ लामा	उपाध्यक्ष	४३०००.०	८३७०००.०	३८७०००.०	८०६००.०	९१२०.०	७१४८०.०
जम्मा		९१०००.०	१७७४०००.०	८७४०००.०	१९१२००.०	१९२४०.०	१७१९६०.०

(असुली भई दाखिला भएकोले प्रतिक्रियावाट वेरुजु हटाइएको छ।)

https://nams.oag.gov.np